आज मिति २०८२ पुस १३ गतेका दिन यस सान्नीत्रिवेणी गाउँपालिकाका अध्यक्ष श्री मोहन बहादुर के.सी.ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी सोही आधारमा निर्णयहरू पारित गरियो ।

**उपस्थितिः**

| सि.नं. | नाम थर | पद | वडा नं. | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | मोहन बहादुर के.सी. | अध्यक्ष | ९ | ९८६१९३२९६० | |
| २ | पार्वती सिंह (संज्याल) | उपाध्यक्ष | ६ | ९८४९६६२४७१ | |
| ३ | बैकुण्ठराज गिरी | वडा अध्यक्ष | १ | ९८४७९१६८०९ | |
| ४ | वसन्त बहादुर बुढा | वडा अध्यक्ष | २ | ९८५८३२१०६५ | |
| ५ | रंगलाल देवकोटा | वडा अध्यक्ष | ३ | ९८४८३०१४४१ | |
| ६ | देवनाथ योगी | वडा अध्यक्ष | ४ | ९७४८९०६३१४ | |
| ७ | रामराज बम | वडा अध्यक्ष | ५ | ९८६१६५५७४० | |
| ८ | नहकुल संज्याल | वडा अध्यक्ष | ६ | ९८४८५३९८४४ | |
| ९ | जय प्रसाद सिम्खाडा | वडा अध्यक्ष | ७ | ९८४८३६०१०० | |
| १० | नौलासिंह बुढा | वडा अध्यक्ष | ८ | ९७४६५२८५६६ | |
| ११ | नरपती तिरुवा | वडा अध्यक्ष | ९ | ९८४८३५८५४२ | |
| १२ | रुपकला शाही | कार्यपालिका सदस्य | ५ | ९८६५२५३४०७ | |
| १३ | जमुना कुमारी सहकारी | कार्यपालिका सदस्य | ९ | ९७४२२६१६१० | |
| १४ | अम्मकला देवकोटा | कार्यपालिका सदस्य | ३ | ९८४८३३०३७३ | |
| १५ | गोमा सिम्खाडा | कार्यपालिका सदस्य | ७ | ९८४८६६८६०२ | गोमा |
| १६ | झ्यापा सार्की | कार्यपालिका सदस्य | १ | ९८४३७७०२२६ | |
| १७ | भरत वि.क. | कार्यपालिका सदस्य | १ | ९८५११५५६०२ | |
| १८ | प्रेम बहादुर बडुवाल | सदस्य सचिव | | ९८४८२१५३५८ | |
| | | | | | |

मोहन बहादुर के.सी.
गा.पा. अध्यक्ष

| प्रस्ताव न. | प्रस्तावहरू |
|---|---|
| १. | संघीय र प्रदेश सरकारमा विशेष र समपुरक योजना माग सम्बन्धमा |
| २. | विषय परिवर्तन सम्बन्धमा |
| ३. | शिक्षकको सरुवा, काज तथा कामकाज सम्बन्धी कार्यविधि, २०८२ को दोस्रो संशोधन सम्बन्धमा |
| ४. | कार्यविधि तथा मापदण्ड पारित सम्बन्धमा |
| ५. | भवन निर्माणको नक्सा पास सम्बन्धमा |
| ६. | DPR स्वीकृत सम्बन्धमा |
| ७. | संघ र प्रदेश सरकारमा योजना माग सम्बन्धमा |
| ८. | शान्तिघाट देखि गाउँपालिकासम्म सडकको ठेक्काका सम्बन्धमा |
| ९. | रकामान्तर सम्बन्धमा |
| १०. | तरपरे सेरीगाउँ गुनामुलघाट खानेपानी तथा सरसफाई योजना सम्बन्धमा |
| ११. | हिँउदे अधिवेशन सम्बन्धमा |

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

**निर्णयहरू**

**निर्णय नं.१**

प्रस्ताव नं. १ उपर छलफल गर्दा आ.व. २०८३/०८४ को लागि संघीय र प्रदेश सरकारमा समपुरक र विशेष अनुदान अन्तर्गत क्रमागत योजना तपसिल बमोजिमका योजनाहरू माग गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

| संघीय समपुरक र विशेष अनुदान अन्तरगतका योजनाहरू | |
|---|---|
| समपुरक अनुदान अन्तर्गतका योजनाहरू | विशेष अनुदान अन्तर्गतका योजनाहरू |
| लुयाटा खोला देखि कालढुङ्गा हूँदै रकुसम्मको सडक निर्माण (निरन्तरता) | शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि |
| **प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गतका योजनाहरू** | |
| **समपुरक अनुदान अन्तर्गतका योजनाहरू** | **विशेष अनुदान अन्तर्गतका योजनाहरू** |
| १. ~~लाता बगर देखि ढडिके हुँदै छानुमम सडक~~ डाडेगे हुँदै हात्तेसम्म सडक निर्माण वडा नं ८/९<br>२. मंगलगढी चोक देखि चसु सम्म सडक स्तर उन्नती वडा नं.४ | १. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि<br>२. कृषि तथा पशु व्यवसाय प्रवद्धन कार्यक्रम |

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

| | |
|---|---|
| ३. रेगिलदेखि सेरीज्यूला हुँदै लुसा सडक खण्डको स्तरउन्नती | |

**निर्णय नं.२**

प्रस्ताव नं. २ उपर छलफल गर्दा श्री पञ्चदेवल माध्यामिक विद्यालय, मेहलमुडी कालीकोटको मिति २०८२ पुष ०९ गते वसेको विद्यालय व्यवस्थापन समितिको वैठकको निर्णय अनुसार र उक्त विद्यालयको मिति २०८२ पुष ९ गते, च.नं. १०१ को पत्रानुसार उक्त विद्यालयको निम्न माध्यामिक तह (६-८) मा नेपाली विषयको दुई वटा दरबन्दी रहेको र एउटा दरबन्दी रिक्त रहेको तर गणित विज्ञान विषयको दरबन्दी नरहेको हुँदा विद्यालयको आवश्यकता अनुसार नेपाली विषयको दरबन्दीलाई गणित विज्ञान विषयमा परिवर्तन गरिदिनहुन भन्ने व्यहोरा प्राप्त भएकोले सोही बमोजिम उक्त पञ्चदेवल माध्यामिक विद्यालयको नेपाली विषयको दरबन्दीलाई गणित विज्ञान विषयको दरबन्दी परिवर्तन गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा सान्नीत्रिवेणी गाउँपालिकाको शिक्षकको सरुवा, काज तथा कामकाज सम्बन्धि कार्यविधि, २०८२ को परिच्छेद २ को दफा (३) को उपदफा (१) मा भएको व्यवस्थामा कामकाजमा खटाईएको शिक्षकको पद रिक्त हुन गएमा गाउँपालिका अनुदानको शिक्षकको हकमा कामकाजमा खटाइएकै विद्यालयबाट पदपूर्ति गरिने र राहत, स्वीकृत दरबन्दी र संघीय शिक्षण सिकाई अनुदानको शिक्षकको हकमा कामकाजमा खटाइएको शिक्षकको काज स्वत साविकको विद्यालयमा फिर्ता भएको मानिने र रिक्त पदको लागि साविक दरबन्दि रहेकै विद्यालयबाट पदपूर्ति गरि सम्बन्धित विद्यालयमा हाजिर भएपश्चात कामकाजमा खटाइनेछ भन्ने विषय थप गरी संशोधन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा देहायका कार्यविधि तथा मापदण्डहरू पारित गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

क. न्यूनतम साक्षरता भएका शैक्षिक विकासका लागि ICT तथा विशेष शिक्षा कार्यक्रम-२०८२ को कार्यान्वयन मापदण्ड -२०८२

ख. बाल तथा मातृमृत्युदर अत्याधिक भएको क्षेत्रहरूमा प्रदान गरिने स्वास्थ्य सम्बन्धि विशेष कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

ग. विशेष अनुदान (कृषि तथा पशु पकेट) विकास कार्यक्रम कार्यन्वयन मापदण्ड, २०८२

घ. उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२

Scanned with CamScanner

**निर्णय नं.५**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस गाउँपालिकाको हालसम्म भवन निर्माण नक्सापास सम्बन्धि कुनै विशेष ऐन, कार्यविधि वा नियमावली नबनेको र नक्सा पासको स्पष्ट प्रावधान नभएको अवस्थामा तत्कालसान्नीत्रिवेणी गाउँपालिकास्थित श्री जनज्योति माध्यामिक विद्यालय तिकुवामा ठेक्का आह्वान गर्नुपर्ने भएको हुँदा सो को लागि प्राविधिक मापदण्ड अनुसार यस कार्यपालिकाबाट नक्सा पास गरी भवन निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिका र भारतिय दुतावास बीच सम्झौता भई जनज्योती माध्यामिक विद्यालयमा प्राप्त बजेट कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चाल ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सम्बन्धित कन्सल्टेन्सीले श्री जनज्योती माध्यामिक विद्यालय तिकुवाको तयार गरिएको भवन निर्माण सम्बन्धि विस्तृत परियोजना (DPR) को प्राविधिक परीक्षण तथा प्रारम्भिक समिक्षा सम्पन्न भई आवश्यक मापदण्ड पुरा गरेको देखिएको हुँदा उक्त DPR लाई स्वीकृत गरी सोही DPR तथा स्वीकृत लागत अनुमानको आधारमा भवन निर्माण कार्यको लागि प्रतिस्पर्धात्मक बोलपत्र ठेक्का आह्वान गर्ने, बोलपत्र सम्बन्धि सम्पूर्ण प्रक्रिया प्रचलित कानून नियम, निर्देशिका तथा सार्वजनिक खरिद सम्बन्धि मापदण्ड बमोजिम ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो। साथै स्वीकृत भएको DPR अनुसार BOQ को परिमाणमा अस्लार मेसिनरी कार्यको परिमाण बढी भएको हुँदा सो कार्यलाई घटाई आवश्यकता अनुसार अन्य परिमाणमा थप गरी लागत अनुमान अनुसारनै ठेक्का आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा संघीय र प्रदेश सरकारमा देहायका योजनाहरू माग गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

क. आधारभूत चौकी देखि पोत्मारा सिचाई कुलो निर्माण सानीत्रिवेणी ६
ख. मुलपानी खानेपानी आयोजना सान्नीत्रिवेणी १
ग. लुसा खोला तडबन्धन तथा वृक्षरोपण सान्नीत्रिवेणी १
घ. गभर्नर आ.वि घेरबार तथा फिल्ड निर्माण
ङ. ढोकना देखि काब्डा भुवारीपाटा वर्थिङ सेन्टर सम्म सडक निर्माण सान्नीत्रिवेणी ६

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

निर्णय नं.८

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकाबाट मिति २०८१ चैत्र २१ गते श्री Heaven/Nisan JV Manma 5 Kalikot सँग सम्झौता गरि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम शान्तिघाट देखि गाउँपालिकासम्मको सडक निर्माण कार्यको ठेक्का नं. STRM/KKT/W/NCB/01/2081/082 मा सम्झौता अनुसार तोकिएको समयमा कार्यसम्पन्न हुन नसकेको कारण मिति २०८२ असार १५ गतेदेखि २०० दिनको अवसर प्रदान गरिएको थियो। उक्त अवसरलाई अन्तिम अवसरको रुपमा दिइएको थियो। सो अवधि समाप्त भैसकेपछि समेत निर्माण व्यवसायीले सम्झौता अनुसारको कार्य सम्पन्न नगरेको, कार्य प्रगति अत्यन्तै न्यून रहेको तथा पटक-पटक गरिएका लिखित तथा मौखिक निर्देशनको पालना नगरेको तथ्य स्पष्ट रुपमा देखिएको छ। यसरी निर्माण व्यवसायीबाट भएको कार्य सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा ठेक्का सम्झौताका शर्तहरूको गम्भीर उल्लङ्घन भएको ठहर गरिएको छ।

अत सार्वजनिक हित वित्तीय अनुशासन र कानूनी दायित्वको संरक्षणको लागि थप अवसर प्रदान गर्ने कुनै औचित्य नदेखिएको हुँदा उक्त ठेक्का सम्झौता तत्काल रद्ध गर्ने, सम्झौताअनुसार Performance Security नियमानुसार जफत गर्ने, सम्पन्न कार्यको मात्र अन्तिम नापजाँच गरी कानून बमोजिम हिसाब फछ्यौट गर्ने तथा बाँकी कार्य आवश्यक प्रक्रिया पुरा अगाढी बढाउने निर्णय गरियो ।

यसै सन्वन्धमा निर्माण व्यवसायीको कार्यशैली र सम्झौता उल्लङ्घनका आधारमा सार्वजनिक खरिद अनुगमनको कार्यालयमा आववश्यक कारवहीका लागि प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं.९

प्रस्ताव नं. ९ उपर छलफल गर्दा देहाय योजनाको नाम र रकम संशोधन गरी रकामान्तर गर्ने र एभरेष्ट क्लब दैलेखसँगको लागत साझेदारी रकमको सम्बन्धमा सम्झौता बमोजिमा बाँकी रहेको रकम अर्को आर्थिक वर्ष आ.व. २०८३/०८४ को बजेटमा समावेश गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

| योजनाको नाम | रकम | संशोधित योजनाको नाम | रकम |
|---|---|---|---|
| १.गाउँखेतदेखी वाहुनघर सम्म सिचाई पाईप खरिद | २,५०,००० | गाउँखेत देखी बाहुनघरसम्म पाईपद्धारा सिचाई कुलो निर्माण योजना | २,५०,००० |

| | | | |
|---|---|---|---|
| २. विभिन्न संघसंस्थाहरू सँग लागत साझेदारी | १६,००,००० | भियालडाँडा खानेपानी तथा सरसफाई योजना (एभरेष्ट क्लव दैलेखसँग लागत साझेदारी) वडा नं ८ | ८,००,००० |
| | | खोलेगाडा खानेपानि तथा सरसफाई योजना(एभरेष्ट क्लव दैलेखसँग लागत साझेदारी) वडा नं ९ | ८,००,००० |
| ३.माटेपहाडा ढाग्रे खा.पा. निर्माण योजना | ३००००० | कालापातल देखि कयारी हुँदै दलित टोल ढाग्रे खानेपानी मर्मत योजना (एभरेष्ट क्लब दैलेखसँग लागत साझेदारी) | ३,००,००० |

**निर्णय नं.१०**

तरपरे सेरीगाउँ गुनामुलघाट खानेपानी तथा सरसफाई योजना वडा नं.१ मा एभरेष्ट क्लब दैलेखसँग लागत साझेदारी गर्ने र लागत साझेदारी बापतको रकम अर्को आर्थिक वर्ष २०८३/०८४ मा भुक्तानी हुनेगरी सम्झौता समेत गरी कार्य अगाढी बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं.११**

आर्थिक वर्ष २०८२/०८३ को हिउँदे अधिवेशन मिति २०८२ पुष १८ गते गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

मोहन बहादुर के.सी.
गाउँपालिका अध्यक्ष